

**कुराकानी**

दमकको व्यवसाय फस्टाउँन पहाडी जल्लासँग राम्रो कनेक्सन आवश्यक

देवीप्रसाद गुरागाई (गोपाल)
(दउवा संघ अध्यक्ष) ③



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ — सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता — राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - १८८ ❑ २०८३ साउन ०२ गते शनिबार ❑ Saturday, 18 July, 2026 ❑ मूल्य ७ /-


## विष्णु पौडेलविरुद्ध २० करोड ९० लाख बिगो दाबी



**दमक/** एमाले नेता एवम् पूर्वअर्थमन्त्री विष्णु पौडेललाई सम्पत्ति शुद्धीकरण कसुरमा २० करोड ९० लाख रूपैयाँ बिगो दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर भएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको अनुसन्धान प्रतिवेदनका आधारमा विशेष सरकारी वकिल कार्यालयले विशेष अदालतमा अभियोगपत्र पेस गरेको हो ।

पौडेललाई व्यवसायी दीपक भट्टसँग मिलीभगत गरी पद र प्रभावको दुरुपयोग गरी सहजीकरणको बदलामा आर्थिक लाभ प्राप्त गर्ने गलत नियतले श्रीराम टोवाको उद्योग प्रालि को उच्च मूल्यको सेयरलाई न्यून मूल्यमा प्रतिवादी दीपक भट्टको कम्पनी हिमालयन एसेष्ट म्यानेजमेन्ट प्रा. लि.लाई दिलाएको अभियोग लगाइएको छ ।

## भारतीय रुपैयाँसहित दुई जना पक्राउ

**दमक/** भारत-नेपाल सीमास्थित नयाँ मेची पुलबाट ९ लाख ७४ हजार भारतीय रूपैयाँ, एउटा कार र दुई जनालाई भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले नियन्त्रणमा लिएको छ । बरामद गरिएको रकमको स्रोत पुष्टि गर्न नसकेपछि उनीहरूलाई थप अनुसन्धानका लागि भन्सार कार्यालयको जिम्मा लगाइएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । नयाँ मेची पुलमा नियमित जाँचका क्रममा एसएसबीको सीमा गुप्तचर टोली (बीआईटी) ले भारतबाट नेपालतर्फ आउँदै गरेको कार रोकेर जाँच गरेको थियो ।

जाँचका क्रममा चालकको सिटमुनि तथा गाडीका अन्य गोप्य भागबाट ९ लाख ७४ हजार भारतीय रूपैयाँ बरामद भएको बताइएको छ । पक्राउ परेका ४९ वर्षीय चालक जीवन विश्वकर्माले बरामद रकममध्ये ५ लाख २४ हजार भारतीय रूपैयाँ आफ्नो भएको दाबी गर्दै सासुको उपचारका लागि नेपाल ल्याउँदै गरेको बताएका छन्। त्यस्तै, गाडीमा सवार २५ वर्षीय राहुल नेपालले ४ लाख ५० हजार भारतीय रूपैयाँ आफ्नो भएको दाबी गर्दै नेपाल भ्रमणका लागि रकम बोकेको बताएका छन् ।

### प्रदेशको सत्ता गठबन्धन फेरबदल

# सातै प्रदेशको समीकरण बदलिँदै

❍ काँग्रेस र नेकपा मिल्दा चार प्रदेशमा बहुमत ❍ एमाले र नेकपा मिल्दा तीन प्रदेशमा बहुमत

✍ बिमल लामिछाने

**दमक/** केन्द्रमा विकसित नयाँ राजनीतिक परिस्थितिका कारण सातै प्रदेशका सरकारहरु फेरबदल हुने निश्चित भएको छ । विशेषगरी सुदूरपश्चिम र कर्णाली प्रदेशबाट सुरू भएको सत्ता समीकरणको खटपटले प्रदेश सरकारहरूमा नयाँ गठबन्धनको ढोका खोलेको हो ।

यसै क्रममा बागमती प्रदेश सरकारमा सहभागी नेकपा (एमाले) ले आˆना ६ जना मन्त्रीहरूलाई फिर्ता बोलाउने निर्णय गरेको छ । कांग्रेस नेतृत्वको बागमती प्रदेश सरकारबाट एमालेका मन्त्रीहरूले राजीनामा बुझाउने तयारी गरिरहेको एमाले नेताहरूले जानकारी दिएका छन् ।

अर्कोतर्फ, कोशी प्रदेशमा पनि एमाले नेतृत्वको सरकारबाट मन्त्रीहरु फिर्ता बोलाउने विषयमा नेपाली कांग्रेसको प्रदेशस्तरीय संयन्त्रको बैठक सुरु भएको छ । यद्यपि, कांग्रेसबाट सरकारमा सहभागी भौतिक पूर्वाधार विकासमन्त्री प्रदीपकुमार सुनुवारलगायतका केही मन्त्रीहरु पार्टी नेतृत्वको निर्देशन मान्न अनिच्छुक देखिएका छन् ।

केन्द्रीय निर्देशन र नयाँ गठबन्धनको सम्भावनाका आधारमा अब प्रदेशहरूमा मुख्यतः नेपाली कांग्रेस र नेकपा अथवा नेकपा एमाले र नेकपाबीच दुई प्रकारका समीकरण बन्ने राजनीतिक अंकगणित देखिन्छ । यदि नेपाली कांग्रेस र नेकपाको गठबन्धन बनेमा चारवटा प्रदेशमा स्पष्ट बहुमत पुग्नेछ भने बाँकी तीन प्रदेशमा साना दलको समर्थन आवश्यक पर्नेछ । यस समीकरण अन्तर्गत बागमती प्रदेशमा ६२ सिट, गण्डकीमा ३४ सिट, कर्णालीमा २८ सिट र सुदूरपश्चिममा ४० सिट पुग्ने भएकाले यी क्षेत्रमा सहजै सरकार गठन हुनेछ । तर, कोशी प्रदेशमा बहुमतका लागि ४७ सिट आवश्यक पर्नेमा यो गठबन्धनसँग ४६ सिट मात्र हुने भएकाले राप्रपा वा जसपाको समर्थन अनिवार्य हुन्छ । त्यस्तै, लुम्बिनीमा बहुमतका लागि २ सिट अपुग हुने हुँदा राप्रपा, जनमत वा जसपामध्ये कम्तीमा दुई दलको साथ चाहिन्छ भने मधेश प्रदेशमा जसपा र जनमत जस्ता मधेश केन्द्रित दलहरूको समर्थन बिना सरकार सम्भव देखिँदैन ।

अर्कोतर्फ, नेकपा एमाले र नेकपा मिलेर वामपन्थी गठबन्धन बनेको खण्डमा कोशी, कर्णाली र सुदूरपश्चिममा मात्र स्पष्ट बहुमत पुग्नेछ भने बाँकी चार प्रदेशमा साना दलहरु निर्णायक भूमिकामा आउनेछन् । यस समीकरणअनुसार कोशीमा ५७ सांसद, कर्णालीमा २४ सांसद र सुदूरपश्चिममा ३३ सांसदसहित सहजै सरकार बन्ने देखिन्छ । तर, बागमती र गण्डकी प्रदेशमा बहुमतका लागि क्रमशः १-१ सिट अपुग हुने भएकाले राप्रपा, हाम्रो नेपाली पार्टी वा नेपाल समाजवादी पार्टी जस्ता साना दलहरु किङ्मेकर बन्नेछन् । लुम्बिनी प्रदेशमा सभामुख बाहेक स्पष्ट बहुमत नपुग्ने हुनाले जनमत वा जसपा नेपाल जस्ता साना दलको समर्थन अनिवार्य हुन्छ भने मधेश प्रदेशमा एमाले र नेकपाको जम्मा ३९ सिट मात्रै हुने भएकाले जसपा वा जनमतको बैशाखी बिना सरकार गठन असम्भव देखिन्छ ।

समग्रमा, नयाँ राजनीतिक ध्रुवीकरणले सातै प्रदेशमा सरकार गठनको कसरतलाई तीव्र बनाएको छ । वामपन्थी समीकरण बनेमा बागमती, गण्डकी, लुम्बिनी र मधेशमा साना दलको भूमिका निकै महँगो साबित हुने देखिन्छ । यस्तै, कांग्रेस र नेकपा मिल्दा पनि कोशी, लुम्बिनी र मधेशमा साना दलहरु नै सत्ताको साँचो लिएर बस्ने निश्चित भएकाले आगामी दिनमा प्रदेश सरकारहरु टिकाउन र बनाउन साना दलहरूको सौदाबाजी हाबी हुने देखिन्छ ।

## सरकारले विद्यालयलाई लगाएको कर विद्यार्थीबाट असुलिँदै



**दमक/** सरकारले आर्थिक वर्ष २०८३/०८४ देखि निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले प्रदान गर्ने शिक्षासेवामा ३ प्रतिशत शिक्षा समता शुल्क लागू गरेसँगै त्यसको प्रत्यक्ष भार विद्यार्थी र अभिभावकमाथि पर्न थालेको छ ।

सरकारले शुल्क निजी विद्यालयबाट उठाइने जनाएको भए पनि विद्यालयहरूले भने उक्त रकम विद्यार्थीले तिर्ने शुल्कमै थपेर असुल गर्न थालेका छन् ।

कतिपय निजी विद्यालयले अभिभावकलाई सूचना जारी गर्दै साउनदेखि लागू भएको ३ प्रतिशत शिक्षा समता शुल्क विद्यार्थीले बुझाउनुपर्ने जानकारी दिएका छन् । केही विद्यालयले असार मसान्तसम्मको बाँकी शुल्कमा समेत नयाँ कर लाग्ने भएकाले तत्काल शुल्क बुझाउनसमेत आग्रह गरेका छन् । यसले सरकारले घोषणा गरेको करको वास्तविक भार कसले व्यहोर्ने भन्ने विषयमा नयाँ विवाद उत्पन्न गरेको छ ।

सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत दुर्गम क्षेत्रमा शिक्षा तथा स्वास्थ्य पूर्वाधार विकास तथा सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले निजी क्षेत्रबाट प्रदान गरिने शिक्षा र स्वास्थ्य सेवामा न्यूनतम दरमा समता शुल्क लगाउने घोषणा गरेको थियो । त्यसअनुसार आर्थिक ऐन, २०८३ को दफा १६ मा निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा ३ प्रतिशत शिक्षा समता शुल्क लगाइने व्यवस्था गरिएको छ । ऐनमा उक्त रकम गुणस्तरीय शिक्षामा पहुँच विस्तार र शैक्षिक पूर्वाधार निर्माणमा खर्च गरिने उल्लेख छ । यद्यपि यही व्यवस्थालाई आधार बनाएर निजी विद्यालयहरूले बाँकी 4 पेजमा ▸▸

### साउन १ देखि नयाँ आर्थिक वर्ष सुरु

## करदेखि बैंकसम्म व्यापक परिवर्तन

**दमक/** आर्थिक वर्ष २०८३/८४ औपचारिक रूपमा सुरु भएको छ । नयाँ आर्थिक वर्षसँगै सरकारले ल्याएको बजेट, नीति तथा कार्यक्रम र नेपाल राष्ट्र बैंकको मौद्रिक नीति कार्यान्वयनमा आएका छन् । यससँगै कर प्रणाली, बैंकिङ, उद्योग, कृषि, पूँजी बजार तथा विभिन्न सेवा क्षेत्रमा नयाँ व्यवस्था लागू भएका छन् ।

यस वर्षको सबैभन्दा ठूलो परिवर्तन व्यक्तिगत आयकरमा गरिएको छ । अब वार्षिक १० लाख रुपैयाँसम्मको आयमा १ प्रतिशत मात्र कर लाग्नेछ, जुन यसअघि ५ लाख रुपैयाँसम्म सीमित थियो । अधिकतम आयकर दर पनि ३९ प्रतिशतबाट घटाएर २९ प्रतिशतमा झारिएको छ । नयाँ व्यवस्था अनुसार १० देखि १५ लाख रुपैयाँसम्म १० प्रतिशत, १५ देखि २५ लाख रुपैयाँसम्म २० प्रतिशत, २५ देखि ४० लाख रुपैयाँसम्म २७ प्रतिशत र ४० लाख रुपैयाँभन्दा बढी आयमा २९ प्रतिशत कर लाग्नेछ । सरकारले यसबाट विशेषगरी मध्यम तथा उच्च आय भएका करदातालाई राहत पुग्ने अपेक्षा गरेको छ । साथै, सरकारी कर्मचारीको २१ प्रतिशत तलबवृद्धि पनि आजदेखि लागू भएको छ ।

भन्सार र अन्तःशुल्क प्रणालीमा पनि बाँकी 4 पेजमा ▸▸

## कारागारबाट ४८ लाखभन्दा बढी नगद बरामद

**इलाम/** जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरीको संयुक्त टोलीले बुधबार साँझ कारागारमा छापा मार्दा ठूलो परिमाणमा नगद फेला परेको छ । इलाम कारागारभित्रबाट ४८ लाख रूपैयाँभन्दा बढी नगद बरामद भएपछि त्यसको स्रोतबारे प्रशासनले अनुसन्धान थालेको छ । प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालका अनुसार कारागारका नाइके, चौकीदार र एक कैदीसँग रहेको ४८ लाख रूपैयाँभन्दा बढी नगद बरामद गरिएको छ । बरामद रकममा २४ हजार भारतीय रूपैयाँसमेत रहेको छ ।

विशेष सूचनाका आधारमा गरिएको छापाका क्रममा कारागारको ७ नम्बर कोठाबाट उक्त रकम फेला परेको प्रहरीले जनाएको छ । बरामद रकमको स्रोतबारे विस्तृत अनुसन्धान सुरू गरिएको प्रजिअ ढकालले बताए । उनका अनुसार कैदीबन्दीहरूले भने उक्त रकम आफूहरूले सुरक्षित राख्न नाइके बाँकी 4 पेजमा ▸▸

## चारसय बढी स्थानीय तहमा कित्ताकाट रोक्का

दमक । भूमिको वर्गीकरण सम्पन्न नगरेका देशभरका ४०५ स्थानीय तहमा साउन १ गतेदेखि जग्गाको कित्ताकाट रोकिएको छ ।

भूउपयोग नियमावलीअनुसार असार मसान्तभित्र भूमिको वर्गीकरण सम्पन्न गर्नुपर्ने व्यवस्था रहेकामा तोकिएको समयभित्र काम पूरा नगरेका स्थानीय तहमा आजदेखि कित्ताकाट स्वतः बन्द भएको हो ।

नापी विभागका निर्देशक दयानन्द जोशीका अनुसार देशभरका ७५३ स्थानीय तहमध्ये हालसम्म करिब ३४८ स्थानीय तहले मात्र भूमिको वर्गीकरण गरी विवरण सम्बन्धित निकायमा पठाएका छन् । बाँकी स्थानीय तहले प्रक्रिया पूरा नगरेकाले ती क्षेत्रमा कित्ताकाट रोकिएको उनले बताए ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले नियमावलीमा असार मसान्तसम्म वर्गीकरण सम्पन्न गर्नुपर्ने स्पष्ट व्यवस्था भएकाले समयसीमा नपुगेका स्थानीय तहमा कित्ताकाट रोकिएको जानकारी दिए ।

उनका अनुसार यो निर्णयले अंशबन्डामा भने कुनै असर पार्ने छैन। जग्गा बिक्रीका लागि टुक्र्याउने वा व्यावसायिक प्लटिङका लागि गरिने कित्ताकाट मात्र रोकिएको हो ।

भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ बाँकी 4 पेजमा ▸▸

### सम्बन्ध विच्छेदका मुद्दामा

## फैसलाभन्दा मिलापत्र बढी



**पाँचथर/** सम्बन्ध विच्छेदका मुद्दामा फैसलाभन्दा मिलापत्र बढी देखिएका छन् । जिल्ला अदालतमा आर्थिक वर्ष २०८२/०८३ मा सम्बन्ध विच्छेदका मुद्दाको संख्या अघिल्लो वर्षको तुलनामा उल्लेख्य रूपमा बढेको छ । यद्यपि, यस्ता मुद्दामा फैसलाभन्दा मिलापत्र हुने क्रम बढी देखिएको छ ।

जिल्ला अदालतको अभिलेखअनुसार आर्थिक वर्ष २०८१/०८२ मा ३०६ वटा सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएकामा आर्थिक वर्ष २०८२/०८३ मा यो संख्या बढेर ३९० पुगेको छ । यो अघिल्लो आर्थिक वर्षको तुलनामा ८४ वटा अर्थात् करिब २७ दशमलव ५ प्रतिशतले बढी हो ।

दर्ता भएका मुद्दामध्ये आर्थिक वर्ष २०८१/०८२ मा ५१ वटामा मात्र मिलापत्र भएकोमा आर्थिक वर्ष २०८२/०८३ मा मिलापत्र हुने मुद्दाको संख्या बढेर १८५ पुगेको छ । यो अघिल्लो वर्षको तुलनामा १३४ वटा थिए । यता, मुद्दा फैसलाको संख्या भने सामान्य रूपमा घटेको छ । आर्थिक वर्ष २०८१/०८२ मा ६१ वटा सम्बन्ध विच्छेदका मुद्दाको फैसला भएकामा आर्थिक वर्ष २०८२/०८३ मा ५२ वटा मात्र फैसला भएका छन् । त्यसैगरी, फैसला बाँकी 4 पेजमा ▸▸

## दुर्घटनामा ७० वर्षीया वृद्धाको मृत्यु

*__मोरङ /__ मोरङको केराबारी गाउँपालिका-५ शान्ति चोकस्थित सडक खण्डमा टिपरको ठक्करबाट एक वृद्धाको मृत्यु भएको छ । केराबारीबाट धरानतर्फ जाँदै गरेको टिपरले बाटो काट्दै गरेकी स्थानीय अन्दाजी ७० वर्षीया विष्णुमाया मगरलाई ठक्कर दिएको थियो ।*

*दुर्घटनामा परी गम्भीर घाइते भएकी मगरलाई तत्कालै उपचारका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (घोपा) पठाइएको थियो । अस्पतालमा उपचारकै क्रममा उनको मृत्यु भएको हो । दुर्घटना लगत्तै प्रहरीले ठक्कर दिने टिपर र त्यसका चालकलाई नियन्त्रणमा लिएको छ ।*

## लागुऔषधसहित २५ जना पक्राउ

**दमक/** नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट लागुऔषधसहित २५ जनालाई पक्राउ गरेको छ। केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सुनसरी र कैलालीबाट छ/छ, झापा र मोरङबाट तीन/तीन, नुवाकोट, सुर्खेत र स्याङ्जाबाट दुई/दुई र सिरहाबाट एक जना पक्राउ परेका हुन् । प्रहरीले उनीहरुको साथबाट लागुऔषध खैरो हेरोइन तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने औषधि बुप्रेनोर्फिन र डाइजेपाम बरामद गरेको छ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित

**नयाँ झापाली इटा बजारमा**

झापाली इटा

**ठूलो साइजको ईटा उपलब्ध छ ।**

सम्पर्कका लागि:
**भगवान बस्नेत** : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

# सम्पादकीय

## प्रशासनलाई चुस्त बनाउन आवश्यक

नेपालको सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त र मितव्ययी बनाउन सरकारले नया कदम चालेको छ । संघ, प्रदेश र स्थानीय तहमा वर्षौंदेखि कार्यरत करिब ६० हजार करार, अस्थायी तथा ज्यालादारी कर्मचारीलाई एकमुष्ट विस्थापित गर्दै सहयोगी सेवा आउटसोर्सिङ प्रणालीमार्फत सञ्चालन गर्ने सरकारी तयारी देखिन्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नेतृत्वमा गठित उच्चस्तरीय कार्यदलले सार्वजनिक कम्पनी स्थापना वा निजी सेवा प्रदायकमार्फत जनशक्ति व्यवस्थापन गर्ने र मौजुदा जनशक्तिलाई ५० प्रतिशतसम्म कटौती गर्ने जुन प्रस्ताव अघि सारेको छ, यसले एकातिर राज्यको व्ययभार घट्ने तर्क त गरेको छ, तर अर्कातिर हजारौं कर्मचारीको रोजगारी असुरक्षित बनाउँदै मुलुकमा ठूलो संख्यामा बेरोजगारी र सामाजिक असुरक्षा थप्ने देखिन्छ ।

प्रशासनिक सुधार र प्रविधिको उच्चतम प्रयोगमार्फत सार्वजनिक खर्च कटौती गर्नु आफैँमा नराम्रो पक्ष होइन । तर, दशकौंदेखि तल्लो तहमा रहेर कार्यालय सहयोगी, चालक, कम्प्युटर अपरेटर, सरसफाइकर्मीका रुपमा राज्यको सेवा प्रवाहलाई धानेका श्रमिकहरुलाई वैकल्पिक व्यवस्था वा न्यायोचित अवकाश दिनुपर्ने हुन्छ ।

कार्यदलले मन्त्रालय तथा सरकारी निकायमा कार्यरत सहयोगी सेवाका कर्मचारीलाई एकीकृत 'पर्सोनेल पुल' मा राखी तीन महिनाभित्रै नयाँ प्रणाली लागू गर्ने जुन हतारो देखाएको छ, यसले राज्यको गैरजिम्मेवारी योजना भनेर आलोचना पनि भइरहेकै छ ।

प्रस्तावित नयाँ व्यवस्थाअनुसार सार्वजनिक कम्पनी वा निजी सेवा प्रदायकमार्फत जनशक्ति व्यवस्थापन गर्दा केही वित्तीय लाभ देखिए पनि यसका अन्तर्निहित जोखिमहरु निकै भयानक छन् । बाह्य स्रोत वा निजी कम्पनीमार्फत कामदार आपूर्ति गर्दा श्रम शोषण हुने र श्रमिकले न्यूनतम पारिश्रमिक तथा श्रम अधिकारसमेत नपाउने सम्भावना उच्च रहन्छ । त्यसैगरी, सरकारी कार्यालयका डाटा इन्ट्री, कम्प्युटर अपरेटर र सवारी चालकजस्ता संवेदनशील पदहरुमा निजी क्षेत्रका अस्थायी कर्मचारी राख्दा सरकारी सूचनाको गोपनीयता र प्रशासनिक जवाफदेहितामाथि समेत ठूलो प्रश्नचिन्ह खडा हुन्छ । प्रविधिको पूर्ण विकास र संस्थागत तयारी भइनसकेको हाम्रो प्रशासनिक संरचनामा हतारहतार ५० प्रतिशत जनशक्ति कटौती गर्दा नागरिकले पाउने दैनिक सेवा प्रवाह झन् सुस्त र लथालिंग हुने खतरा रहन्छ । सुधारको नाममा हठात् चालिने यस्ता कदमले राज्य र नागरिकबीचको सामाजिक सम्झौतालाई नै कमजोर बनाउँछ । सरकार आफैँमा एक अभिभावकीय संस्था भएकाले यसको प्राथमिक दायित्व रोजगारीको अवसर सिर्जना गर्ने र नागरिकको सामाजिक सुरक्षा सुनिश्चित गर्ने हुनुपर्छ ।

## 'ध्रुवे' हात्तीलाई 'रेडियो कलर' जडान गरेर छाडियो



**चितवन**/ चितवन राष्ट्रिय निकुञ्जले जंगली हात्ती 'ध्रुवे'लाई 'रेडियो कलर' जडान गरेको छ । निकुञ्ज र मध्यवर्ती क्षेत्रमा २५ जनाको ज्यान लिइसकेको हात्तीलाई डार्ट (बेहोस बनाउने औषधि) गरी रेडियो कलर लगाइएको हो । निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार हात्तीलाई डार्ट गरी घाँटीमा स्याटेलाइट रेडियो कलर जडान गरिएको छ । त्यसपछि दाह्रा काटेर छाडिएको हो ।

रेडियो कलर जडानपछि हात्तीको अवस्थाबारे छोटो समयमै जानकारी प्राप्त हुने र जिपिएस ट्र्याकिङमार्फत गतिविधि निगरानी गर्न सकिने उनको भनाइ छ । निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको नयाँ गोरख गण, निकुञ्जका प्राविधिक कर्मचारी र राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिकसहितको टोलीले हात्तीलाई रेडियो कलर जडान गरेको हो ।

गत असार २० गते भरतपुर-२३ मा सोही हात्तीको आक्रमणबाट २५ वर्षीया आशिका बोटे र उनका चार वर्षीय छोरा भरत बोटेको मृत्यु भएपछि निकुञ्जले हात्तीको खोजी र निगरानी बढाएको थियो ।

प्रतिकूल मौसम र घना झाडीका कारण हात्तीलाई नियन्त्रणमा लिन समय लागेको निकुञ्जले जनाएको छ । निकुञ्जले स्थानीय बासिन्दालाई सचेत रहन, जारी सूचनाको पालना गर्न र जंगली हात्ती देखिए तत्काल सम्बन्धित निकायलाई खबर गर्न आग्रह गरेको छ ।

# मानवताको संकटमा आधुनिक मानव



✍ ओमप्रकाश गौतम
omgautam2078@gmail.com



**आज सडकदेखि सदनसम्म असहिष्णुता देखिन्छ । राजनीतिक दलहरुले आफ्ना कार्यकर्ताको गल्तीलाई ढाकछोप गर्ने र विपक्षीको मात्र आलोचना गर्ने प्रवृत्ति मौलाएको छ । समाजमा हिंसा सामान्यजस्तै लाग्न थालेको छ । जब मानिसको जीवनभन्दा विचार, दल वा स्वार्थ ठूलो हुन थाल्छ, तब मानवता संकटमा पर्छ । आज संसारलाई कृत्रिम बुद्धिमत्ताभन्दा बढी मानवीय बुद्धिमत्ताको आवश्यकता छ । मानिसले रोबोट बनाउन सिक्यो, तर आफ्नै मनभित्र करूणा जगाउन सकेन । आधुनिक बन्नु भनेको महँगो मोबाइल बोक्नु वा अत्याधुनिक प्रविधि प्रयोग गर्नु मात्र होइनह्य आधुनिक बन्नु भनेको आफ्नो व्यवहारलाई सभ्य, जिम्मेवार, सहिष्णु र मानवीय बनाउनु हो ।**

मानिसलाई पृथ्वीको सबैभन्दा चेतनशील, विवेकशील र सामाजिक प्राणी मानिन्छ । विज्ञान, दर्शन, कला, साहित्य र प्रविधिको विकास गर्ने क्षमता केवल मानिसमा छ । ढुंगे युगदेखि कृत्रिम बुद्धिमत्ता (एआई) को युगसम्म आइपुग्दा मानव सभ्यताले अभूतपूर्व प्रगति गरेको छ । आज मानिसले अन्तरिक्षमा पाइला टेकिसकेको छ, जटिल रोगहरूको उपचार सम्भव बनाएको छ र संसारलाई एक क्लिकको दूरीमा जोडेको छ । तर विडम्बना, बाह्य विकासको यो चमकभित्र मानवीयता, नैतिकता, सहिष्णुता र संवेदनशीलता भने दिनप्रतिदिन खिइँदै गएको देखिन्छ । प्रश्न उठ्छ–यति धेरै शिक्षित, विकसित र आधुनिक भएको मानिस किन अझै असल मानिस बन्न सकेको छैन ?

मानिसको वास्तविक महानता उसको ज्ञान, सम्पत्ति वा शक्तिमा होइन, उसको चरित्र, विवेक र मानवप्रतिको व्यवहारमा निहित हुन्छ । तर आजको समाजमा स्वार्थ, लोभ, घृणा, असहिष्णुता र हिंसाले मानवीय सम्बन्धहरू कमजोर बनाइरहेका छन् । सामाजिक सञ्जालले सूचना आदानप्रदानलाई सहज बनाएको छ, तर त्यसैको दुरुपयोगले घृणायुक्त अभिव्यक्ति, साइबर बुलिङ, चरित्रहत्या, अश्लीलता र मानसिक तनाव बढाएको छ । युनेस्को लगायतका अन्तर्राष्ट्रिय अध्ययनहरूले डिजिटल माध्यमको अत्यधिक प्रयोगले किशोर-किशोरीमा मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने देखाएका छन् । प्रविधि दोषी होइन; दोष त्यसलाई प्रयोग गर्ने हाम्रो चेतना र नैतिकतामा छ ।

नेपालको सामाजिक यथार्थ पनि झन् चिन्ताजनक बन्दै गएको छ । हत्या, हिंसा, बलात्कार, आत्महत्या, साइबर अपराध, भ्रष्टाचार, ठगी, मानव बेचबिखन र लागुऔषध दुर्व्यसनका घटनाहरू बढिरहेका छन् । नेपाल प्रहरीका वार्षिक प्रतिवेदनहरूले पनि गम्भीर अपराधहरूको संख्या उल्लेखनीय रूपमा बढिरहेको देखाउँछन् । शिक्षाको पहुँच विस्तार हुँदै जाँदा पनि नैतिक चेतना कमजोर हुनु आजको समाजको सबैभन्दा ठूलो विडम्बना हो । यसैको एउटा दर्दनाक उदाहरण हालै झापाको दमकमा देखियो । साथीसाथी मिलेर विश्वकप फुटबल हेरिरहेका बेला सामान्य विवादले उग्र रूप लिँदा एक भारतीय नागरिकमाथि चक्कु प्रहार भयो र उनको ज्यान गयो । केही समयअघिसम्म एउटै ठाउँमा बसेर रमाइलो गरिरहेका साथीहरू क्षणभरमै एकअर्काका ज्यानका शत्रु बने । यो घटनाले स्पष्ट देखाउँछ, आज मानिसले आफ्नो रिस नियन्त्रण गर्न, मतभेदलाई संवादबाट समाधान गर्न र क्षणिक आवेगलाई संयममा बदल्न सिक्न सकेको छैन । सामान्य असहमति अब संवादबाट होइन, हिंसाबाट टुंगिने अवस्था आउनु सभ्य समाजका लागि गम्भीर चेतावनी हो ।

त्यति मात्र होइन, पछिल्लो समय सामान्य समस्या वा मानसिक तनावलाई सहन नसक्दा आत्मदाहजस्ता भयावह घटनाहरू पनि बढिरहेका छन् । केही दिनअघि काठमाडौंको त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडि गणेश नेपालीले आफ्नै शरीरमा पेट्रोल खन्याएर आत्मदाह गरे । त्यस घटनाले देशभर ठूलो बहस सिर्जना गऱ्यो । तर त्यो दृश्य अझ पीडादायी थियो–वरिपरि नगर प्रहरी थिए, सञ्चारकर्मीहरू थिए, सर्वसाधारण दर्शक थिए, धेरैले भिडियो खिचिरहेका थिए, तर तत्काल मानवीय साहस देखाएर उनको ज्यान बचाउने प्रयास पर्याप्त रूपमा हुन सकेन । अन्ततः उनी उपचारकै क्रममा संसारबाट बिदा भए । यो घटना केवल एउटा व्यक्तिको मृत्यु होइन; हाम्रो सामूहिक संवेदनशीलताको परीक्षा पनि थियो । हामी यस्तो समाज बन्दै गएका छौं, जहाँ पीडितलाई बचाउनुभन्दा घटना मोबाइलमा कैद गर्न धेरै मानिस तत्पर देखिन्छन् । प्रविधि हातमा आयो, तर मानवता भने हातबाट फुत्कँदै गयो ।

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)का अनुसार विश्वभर प्रत्येक वर्ष करिब ७ लाखभन्दा बढी मानिसले आत्महत्या गर्ने गर्छन्, र आत्महत्या १५ देखि २९ वर्ष उमेर समूहका युवामाझ मृत्युका प्रमुख कारणहरूमध्ये एक हो । यो तथ्यले मानसिक स्वास्थ्यलाई बेवास्ता गर्नु कति घातक हुन्छ भन्ने स्पष्ट पार्छ । आत्मदाह वा आत्महत्याको समाधान कुनै पनि समस्या होइन; यसको समाधान समयमै मानसिक सहयोग, पारिवारिक साथ, सामाजिक सहानुभूति र प्रभावकारी राज्य संयन्त्रमा निहित छ ।

आज धेरै मानिस सफलता भनेको धन, शक्ति र प्रसिद्धिलाई मात्र ठानिरहेका छन् । "मै खाऊँ, मै लाऊँ, मेरै सुख होस्" भन्ने सोचले समाजलाई स्वार्थी बनाइरहेको छ । धन कमाउने होडमा इमानदारी, करुणा, दया र मानवताको मूल्य ओझेलमा परिरहेका छन् । पैसाका लागि आफ्नै इज्जत बेच्ने, सम्बन्ध बिगार्ने, झुट बोल्ने र अपराध गर्नेसम्मका प्रवृत्तिहरू बढ्दै गएका छन् । शिक्षित हुनु र संस्कारित हुनु एउटै कुरा होइन भन्ने कुरा आजको समाजले बारम्बार प्रमाणित गरिरहेको छ ।

शिक्षाको उद्देश्य केवल रोजगारी दिलाउनु होइन; असल नागरिक निर्माण गर्नु पनि हो । विद्यालयले ज्ञान दिन्छ, तर परिवारले संस्कार दिन्छ । आज आफ्नै बाबुआमालाई वृद्धाश्रममा छोड्ने सन्तानहरूको संख्या बढिरहेको छ । यसले आर्थिक विकासभन्दा ठूलो संकट नैतिक मूल्यको ह्रास भएको देखाउँछ । संयुक्त राष्ट्रसंघले पनि दिगो विकासका लागि आर्थिक समृद्धिसँगै सामाजिक न्याय, समानता र मानव मर्यादालाई समान महत्व दिएको छ ।

धर्मको मूल उद्देश्य पनि मानिसलाई असल, करुणाशील र सहिष्णु बनाउनु हो । तर आज कतिपय अवस्थामा धर्मसमेत व्यापारको माध्यम बन्दै गएको अनुभूति हुन्छ । पूजा, पुराण, महायज्ञ वा धार्मिक अनुष्ठानमा आस्था भन्दा प्रदर्शन र आर्थिक प्रतिस्पर्धा हावी भएको देखिन्छ । धर्मले लोभ होइन, त्याग सिकाउँछ; घमण्ड होइन, विनम्रता सिकाउँछ । यदि धर्मले मानिसको व्यवहार परिवर्तन गर्न सकेन भने त्यो केवल कर्मकाण्डमा सीमित रहन्छ ।

दार्शनिकहरूले सदियौंदेखि मानिसलाई आत्मचिन्तन र नैतिक जीवनतर्फ प्रेरित गरेका छन् । फ्रान्सेली दार्शनिक जाँ-जाक रूसोले भनेका थिए, "मानिस स्वभावतः असल हुन्छ, तर समाजले उसलाई बिगार्छ ।" पूर्वीय दर्शनले "सत्यम्, शिवम्, सुन्दरम्" लाई जीवनको सर्वोच्च मूल्य मानेको छ । सत्यले ज्ञान दिन्छ, शिवले कल्याणको बाटो देखाउँछ र सुन्दरले जीवनलाई प्रेम, करुणा र सौन्दर्यले भरिदिन्छ । तर आज हामीले यी मूल्यलाई व्यवहारमा उतार्न नसक्दा समाजमा अविश्वास, हिंसा र विभाजन बढिरहेको छ ।


आज सडकदेखि सदनसम्म असहिष्णुता देखिन्छ । राजनीतिक दलहरूले आफ्ना कार्यकर्ताको गल्तीलाई ढाकछोप गर्ने र विपक्षीको मात्र आलोचना गर्ने प्रवृत्ति मौलाएको छ । समाजमा हिंसा सामान्यजस्तै लाग्न थालेको छ । जब मानिसको जीवनभन्दा विचार, दल वा स्वार्थ ठूलो हुन थाल्छ, तब मानवता संकटमा पर्छ । आज संसारलाई कृत्रिम बुद्धिमत्ताभन्दा बढी मानवीय बुद्धिमत्ताको आवश्यकता छ । मानिसले रोबोट बनाउन सिक्यो, तर आफ्नै मनभित्र करुणा जगाउन सकेन । आधुनिक बन्नु भनेको महँगो मोबाइल बोक्नु वा अत्याधुनिक प्रविधि प्रयोग गर्नु मात्र होइन; आधुनिक बन्नु भनेको आफ्नो व्यवहारलाई सभ्य, जिम्मेवार, सहिष्णु र मानवीय बनाउनु हो ।

समाज परिवर्तन कुनै एक व्यक्ति, सरकार वा संस्थाले मात्र गर्न सक्दैन । यसको सुरुवात प्रत्येक व्यक्तिको सोच र व्यवहारबाट हुन्छ । परिवारले संस्कार दिनुपर्छ, विद्यालयले नैतिक शिक्षा बलियो बनाउनुपर्छ, धर्मले करुणा सिकाउनुपर्छ, राज्यले न्याय सुनिश्चित गर्नुपर्छ र नागरिकले मानवताको पक्षमा उभिनुपर्छ । जब हामी अरूको खुट्टा तान्ने होइन, हात समातेर उठाउने संस्कार विकास गर्छौं, तब मात्र सभ्य, न्यायपूर्ण र मानवीय समाजको निर्माण सम्भव हुन्छ । आज मानव सभ्यताको सबैभन्दा ठूलो चुनौती विज्ञानको अभाव होइन, मानवताको अभाव हो । यदि हामीले समयमै संवेदना, सहिष्णुता, नैतिकता र मानवताको पुनर्जागरण गर्न सकेनौं भने इतिहासले हामीलाई अत्याधुनिक प्रविधिको युगका सफल मानिस होइन, मानवता गुमाएका असफल सभ्यताका रूपमा सम्झिनेछ ।

## सामाजिक सञ्जाल

### पुरानै बहस बल्झिनु विडम्बना

*- बाबुराम भट्टराई (पूर्व प्रम)*



पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टलाई लेख्छन्– देशमा फेरि एक पटक विकासको केन्द्रमा को हुने भन्ने पुरानै वहस बल्झिन लागेको देखिनु विडम्बनापूर्ण छ । धनी कि गरीब, बृद्धि कि वितरण, बजार कि राज्य, बहिर्मुखी कि अन्तर्मुखी आदि ।

एकातिर ठुला उद्यमी–व्यवसायी,बैंक तथा वित्तीय क्षेत्रका अगुवाहरूको लगानीको वातावरण तथा सुरक्षा नभएको गुनासो र अर्कोतिर सुकुम्वासी, मिटरब्याज पीडित, सहकारी तथा लघुवित्त पीडित, साना किसानहरु लगायतको सामाजिक न्याय नभएकोमा आक्रोशले यसैको संकेत गर्छन् ।

हाम्रो जस्तो बहुवर्गीय संक्रमणकालीन समाज र अल्पविकसित तथा परनिर्भर अर्थतन्त्रमा यस्तो देखिनु अस्वाभाविक हैन । दूरदर्शी राजनीतिक नेतृत्व भनेकै यी दुई ध्रुव वीचको नैसर्गिक घर्षणलाई वेलैमा बुझेर आफ्नो देशको सापेक्षतामा सही सन्तुलन मिलाउन सक्नु हो ।

त्यसनिम्ति अहिले देशमा एकातिर तिव्र आर्थिक बृद्धि र ठूलो मात्रामा रोजगारी सिर्जनामा जोड दिनु परेको छ भने अर्कोतिर समाजका पहिलेदेखि संरचनात्मक विभेदमा परेका ठुलो समुदायलाई संगसंगै सामाजिक न्यायको प्रत्याभूति गराउन पनि उचित ध्यान दिनु परेको छ ।

गाउँले भाषामा भन्ने हो भने पहिले परिवारका सबैजनालाई पुग्ने गरी कसौंडीमा यथेष्ठ भात पकाउनु परेको छ भने पाकेको भात सबै सन्तानलाई न्यायपूर्ण ढंगले बाँड्नु पनि परेको छ ।

यही नीतिगत सन्तुलन मिलाउने कुरा नै जनताको ठूलो अपेक्षा सहित नवनिर्वाचित युवाबाहुल्य सरकारकोनिम्ति आफ्नो कार्यकालको सबभन्दा ठूलो चुनौति र अग्नीपरीक्षा हो । बेलैमा ध्यान पुगोस् !

## पाठक-पत्र

### लुतो फाल्ने परम्परा जोगाऔं

सम्पादकज्यू,

साउने संक्रान्तिको अघिल्लो साँझ मनाइने 'लुतो फाल्ने' परम्परा नेपाली समाजको एउटा मौलिक सांस्कृतिक अभ्यास मात्र होइन, हाम्रो पुर्खाले स्वास्थ्य, सरसफाइ र प्रकृतिसँगको सम्बन्धलाई जोडेर विकास गरेको जीवनशैली पनि हो । तर विडम्बना, आधुनिकताको दौडमा आज यो परम्परा बिस्तारै लोप हुने अवस्थामा पुगेको छ । विडम्बना यो छ कि यस्ता संस्कार, संस्कृतिको विषयमा मिडियाले पनि कभरेज गर्न सकिरहेको छैन ।

असार महिनाभर किसान हिलो, पानी र खेतबारीमा व्यस्त हुन्छन् । लामो समय हिलोमाटोमा काम गर्दा छालासम्बन्धी संक्रमण, चिलाउने, फोका आउने वा अन्य रोग लाग्ने सम्भावना बढ्छ । यही कारण साउने संक्रान्तिको अवसरमा औषधीय गुण भएका कागभलायो, कुकरडाइनो, लुतेझार, पानीअमला, कागती, अम्बा, नासपातीजस्ता वनस्पति प्रयोग गरी 'लुतो फाल्ने' परम्परा विकास भएको हो । नाङ्लो ठटाउने, शंख फुक्ने, घण्ट बजाउने र अगुल्टो फाल्ने चलनले रोग, दुःख र अशुभलाई घरबाट टाढा भगाउने सांकेतिक सन्देश दिन्छ ।


आज विज्ञानको दृष्टिले हेर्दा पनि यस परम्पराभित्र स्वास्थ्य सचेतनाको सन्देश लुकेको देखिन्छ । औषधीय वनस्पतिको प्रयोग, सरसफाइमा ध्यान र वर्षायाममा शरीरको विशेष हेरचाह गर्नुपर्ने चेतना यसले दिएको छ । त्यसैले यसलाई केवल अन्धविश्वास भनेर पन्छाउनु उचित हुँदैन ।

दुर्भाग्यवश, अहिलेका धेरै बालबालिका र युवापुस्ताले 'लुतो फाल्ने' परम्पराको नामसम्म सुन्न छाडेका छन् । शहरमा त यो संस्कृति लगभग हराइसकेको छ भने गाउँघरमा पनि विस्तारै यसको अभ्यास घट्दै गएको छ । सामाजिक सञ्जालमा विदेशी पर्व र संस्कृतिलाई उत्साहका साथ मनाउने हामी आफ्नै मौलिक संस्कार र परम्पराबाट भने टाढिँदै गएका छौं ।

संस्कृति भनेको केवल पूजा–आराधना होइन, त्यो समाजको इतिहास, पहिचान र जीवनपद्धति पनि हो । हाम्रा पुर्खाले अनुभवका आधारमा निर्माण गरेका यस्ता परम्परालाई समयअनुकूल व्याख्या गर्दै नयाँ पुस्तासम्म हस्तान्तरण गर्न सकियो भने मात्र हाम्रो सांस्कृतिक पहिचान जीवित रहन्छ । साउने संक्रान्ति, लुतो फाल्ने परम्परा र यससँग जोडिएका स्वास्थ्य तथा वातावरणीय सन्देशलाई संरक्षण गर्नु आजको आवश्यकता हो । आधुनिक बन्नु राम्रो हो, तर आधुनिकताको नाममा आफ्नै मौलिक संस्कार र सांस्कृतिक सम्पदा बिर्सनु बुद्धिमानी होइन । आउँदा पुस्ताले पनि 'लुतो फाल्ने' परम्पराको अर्थ बुझून्, त्यसका लागि परिवार, विद्यालय, समुदाय र सञ्चारमाध्यम सबैले यसको संरक्षण र प्रवर्द्धनमा भूमिका खेल्न आवश्यक छ । आखिर संस्कृति जोगियो भने मात्र हाम्रो पहिचान पनि जोगिन्छ ।

***- भवनचन्द्र ताजपुरिया,*** झापा

# दमकको व्यवसाय फस्टाउँन पहाडी जिल्लासँग राम्रो कनेक्सनको आवश्यक



## देवीप्रसाद गुरागाई (गोपाल)

**देवीप्रसाद गुरागाई (गोपाल) झापाको दमक उद्योग वाणिज्य संघको अध्यक्ष पदमा दोश्रो कार्यकाल सम्हालिरहेका सामाजिक ब्याक्तित्व हुन् । ताप्लेजुङको फुङ्लिङमा २०३२ साल जेठ २२ गते जन्मिएका गुरागाई मिलनसार, इमानदार र जुझारु ब्यक्तिका रूपमा पहिचान बनाइसकेका छन् । दमक-६ निवासी गुरागाईलाई आमा राधिका र बुवा कृष्णप्रसादको आशीर्वाद अझै लागिरहेको छ । त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट उनले शिक्षा संकायतर्फ अर्थशास्त्रमा स्नातकोत्तर (एम.एड.) गरेका छन् । २०६० साल देखि दमकमा रेडिमेड कपडा ब्यवसाय गर्दै आएका गुरागाईले सामाजिक सेवाको कार्यलाई प्रमुख बनाएका छन् । उनै ब्यवसायी नेतृत्व गुरागाईसँग पूर्वसन्देश दैनिककालागि तयार गरिएको कुराकानीः**

**◆ पछिल्लो समय ब्यवसायीका समस्या के छन् ?**

अहिले देशकै अर्थतन्त्र धराशायी अवस्थामा छ । यो कुराबाट दमकका व्यापारी व्यवसायीहरू पनि अछुतो रहने कुरै भएन । व्यापारमा अहिले मन्दी छ । अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउने हो भने पहिला राज्यको नीतिगत स्थिरता हुनुपर्छ । दोश्रो शान्ति सुरक्षाको व्यवस्था ठीक हुनुपर्‍यो । पछिल्लो समय सरकारले 'हेलो सरकार' मार्फत उठाइएका उजुरीका विषयलाई आधार मानेर ब्यवसायीलाई एक्सन लिने कार्यले ब्यवसायी मारमा परेका छन् । सरकारले 'हेलो सरकार' मार्फत उठाइएका उजुरी सर्वोपरी नठानी ब्यवसायीसँग पनि छलफल र सोधपुछ गरेर मात्रै एक्सन लिनुपर्छ भन्ने हाम्रो माग हो ।

**◆ दमकमा ब्यापार भएन भन्ने गुनासो आइरहन्छ, यहाँ ब्यापार फष्टाउन नसक्नुको कारण चाहीँ के हो ?**

पहिलो कुरा त दमक पहाडी जिल्लाहरूसँग ब्यापारिक लाइफ लाइनको रूपमा जोडिन सकेको छैन । दमक- रवि सडक लामो समयदेखि बन्न थालेपनि बाह्रैमास गाडी आवत जावत हुने गरी बाटो नहुँदा ब्यापार फष्टाउन सकेन । न पहाडको उत्पादित बस्तुलाई सहज रूपले दमकका बजारमा ल्याउन सकियो, न दमकका सामान सहज तरिकाले पहाडका बजारमा पुर्‍याउन सकियो । दमकमा ब्यापारको मुख्य समस्या नै पहाड र तराईको ब्यापरिक कनेक्सन नहुनु हो । पहाडी जिल्लासँग दमकको ब्यापारिक कनेक्सन नै भएन । दमकको व्यवसाय फस्टाउन पहाडी जिल्लासँग राम्रो कनेक्सन हुन जरूरी छ ।

**◆ सरकारसँग चाहीँ उद्योग वाणिज्य संघले सम्वन्वय गरेको छैन ?**

अहिले दुईतिहाइको संघीय सरकार छ । हामी सरकारसँग सहकार्य गरेर ब्यवसायीका समस्यालाई समाधान गर्ने योजनामा छौं । छलफल भइरहेको छ । विशेष गरेर सरकार ट्याक्सको विषयलाई प्राथमिकतामा राखेर अघि बढेको हाम्रो बुझाई हो । ट्याक्स नतिरी हुँदैन तर तिर्नेले तिरेको तिरेकै छ, नतिर्ने अटेर गरेर बसिरहेको छ । सरकारले समान योजना ल्याउनु पर्छ भनेर हामी सम्वन्वय गरिरहेका छौं ।

**◆ तपाईको त यो दोस्रो कार्यकाल हो, पुराना योजना कति सम्पन्न भए र नयाँ योजना के हुँदैछन् ?**

म आफू अध्यक्ष भएपछिको पहिलो कार्यकालमा शुरूमा दमक उद्योग वाणिज्य संघको कोष मात्र डेढ करोड बराबरको थियो । यसलाई १ करोड थप स्रोत जुटाएर अढाई करोड पुर्‍याइएको छ । यो निकै ठूलो उपलब्धि हो । दमक उवासंघले व्यापार व्यवसाय दर्ता र नविकरण देखि लिएर कर, लेखा व्यवस्थापन, प्रविधिको प्रयोगमा व्यापारी व्यवसायीहरूलाई सहजीकरण गरिरहेको छ । एउटा मुख्य काम हो हाम्रो । त्यसका अलावा केन्द्र, प्रदेश र स्थानीय तहको सरकार सँग पनि सम्पर्क, समन्वय र सहकार्यको काम जारी छ ।

**◆ उवासंघले अघि सारेको 'इलम प्रशिक्षण केन्द्र' को काम के हुँदैछ नि ?**

दमक उद्योग वाणिज्य संघको दमक-८ मा ७ कठ्ठा जग्गामा सीप विकास केन्द्र बनाउने परियोजना छ । त्यसको काम पनि लगभग चालू वर्षदेखि शुरू हुनेवाला छ । त्यहाँ अढाई करोडको परियोजना छ । पहिलो स्थानीय सरकार नहुँदा सरकारले यो परियोजना र परिकल्पना ल्याएको थियो । तर अहिले सबैजसो स्थानीय तहहरूलेनै सीप विकास र तालिमको काम गरिरहेका छन् । यो अवस्थामा पनि हाम्रो सीप विकासको कार्यक्रम ओझेलमा परेको भन्ने ठान्नुपर्छ । अर्कातर्फ व्यापारी व्यवसायीहरूलाई राज्य र सरकारले दिने छुट सुविधाहरू लिन पनि अभिप्रेरित गर्ने काम संघले गरिरहेको छ । त्यहाँ भवन बनाएर निम्न स्तरका ब्यापारीहरूलाई सहुलियत दिएर सटरहरू सञ्चालन गरिने योजना छ ।

**◆ दमकका ब्यवसायीलाई सुझाव दिनुपर्दा के भन्नु हुन्छ ?**

हरेक व्यापारी व्यवसायीले व्यवसाय दर्ता गर्नुपर्छ । यसबाट राज्य र सरकार सँग जोडिन्छ । पाउने छुट सुविधाहरू पनि लिन सजिलो हुन्छ । बरू दर्ता र नविरकणमा सहजीकरणका लागि दमक उवासंघ सँग सम्पर्क गर्नुहोस् । हामी तपाईहरूलाई सेवा दिनेनै छौं । राज्यका नीति नियमका बारेमा सबैले जानकारी बनौं । दमक उवासंघले सचेतनामूलक कार्यक्रम र अन्तरक्रियाहरू पनि बेला बेलामा गर्ने गरेको छ । त्यसमा पनि सबैले सहभागी बनौं, यही मेरो सम्बन्धित सबैलाई आग्रह र सन्देश छ ।

**◆ अष्ट्रेलिया घुमेर आउनु भयो नि, ब्यापारिक ज्ञान केही लिनु भयो ?**

त्यहाँका विकसित देशसँग त हाम्रो ब्यापारको तालमेल नै मिल्दैन । त्यहाँ सबैकुरा सिष्टमले चलेका छन् । बस्ती, ब्यापारिक क्षेत्र, कृषि उत्पादित क्षेत्र, कलकारखाना सबै योजनाबद्ध छन् । हामी त्यसमा पछि परिसकेका छौं । तथापि, उनीहरूसँग सिक्ने कुरा भनेको सिष्टममा चल्ने, हरेक कुराको रूटिङ बनाएर काम गर्ने कुरा हो । जस्तो कि उहाँको कुरा त धेरै माथिको भइगयो नि । उदाहरण स्वरूप यही सीमा परी भारतमा हेरियो भने त्यहाँ रक्सी खाने र बेच्ने पनि समय र सीमा तोकिएको छ, नेपालमा जतिबेला खाएपनि भयो, जतिबेला मातेर जता लडेपनि भयो । अनि सरकारले हरेक कुरामा सिस्टम बसाउन सक्नुपर्छ र मात्रै हाम्रा ब्यवसाय पनि फष्टाउँछन् । सुरक्षाको ग्यारेन्टी पनि हुन्छ ।

**◆ अबको योजना के छ ?**

देश र जनताको सेवामा आफूलाई समर्पित गर्ने योजनामा छु । त्यसमा पनि दमकबासीहरूको हितलाई सर्वोपरी ध्यानमा राखेर स्थानीय स्तर नै विकासको आधारभूत जग भएकाले स्थानीय स्तरबाटै समाज सेवा गर्ने ईच्छा छ ।

*प्रश्तुति - विमल लामिछाने*



## पुस्तककार

# राजा महेन्द्रको डायरी



युवराज गौतम

"राजाका तीनवटा डायरीमा ७७ जनाको नाम छ । अत्यन्त संवेदनशील कुरा छन् । ती डायरीलाई अङ्ग्रेजीमा अनुवाद गराउँदा क्राउन प्रिन्स (वीरेन्द्र) लाई धेरै कुरा अवगत हुने भएकाले राजा महेन्द्रले परिष्कृत अङ्ग्रेजीमा अनुवाद गराउन चाहिबक्सेको रहेछ ।

२०२८ सालमा मलाई अत्यन्त विश्वासका साथ अनुवादको जिम्मेवारी बक्स्यो । सोही साल माघ १७ गते सरकारको स्वर्गारोहण भयो । त्यसपछि ती डायरी मसँगै रहे।"

सुन्दा आश्चर्य लाग्छ । २०१३ सालतिरै भारतमा अङ्ग्रेजीमा एम.ए. गरेर पनि मन्त्री, राजदूत वा सांसद लगायत कुनै सरकारी पदमा बस्न नचाहेका ती गुमनाम व्यक्ति अङ्ग्रेजीका राम्रा राम्रा पुस्तक पढेर त्यसको सारांश राजा महेन्द्रलाई सुनाउँदा रहेछन् ।

योग्य व्यक्तिलाई गहन जिम्मेवारी दिने राजाले कुन पदमा बसेर काम गर्नुहुन्छ भन्दै उनलाई धेरैपल्ट सोधेछन् । प्रशस्त सम्पत्ति छँदै थियो, त्यसैले जागिर खाने वा केही महिनापछि पूर्वमन्त्री हुने इच्छा पनि भएन', उनी हाँस्दै भन्छन् ।

तीन वर्षजति सङ्गत गरेपछि केही सर्त राखेर उनकै सामुन्ने डायरी पढ्ने पङ्क्तिकारलाई अनुमति मिल्यो । सबै महादेशका साहित्य, कूटनीति र राजनीति बुझेका परिपक्व व्यक्ति उनीभन्दा झन्डै धेरै कान्छो पक्तिकारलाई 'माई' डियर भन्दै "डायरीबारे तपाईंले जानेका बुझेका कुरा पुस्तक, लेख, अन्तर्वार्ता आदिमा इमानदारीपूर्वक (उनकै शब्दमा अनेस्ट्ली) लेखे हुन्छ तर मेरो नाम सधैं गोप्य रहोस्', मेरो "डेथ" पछि पनि उनी भावुक भए ।

उनी मलाई छोरालाई जस्तै माया गर्छन् । म उनलाई बुबा भन्छु । 'हजुरको स्वर्गवासपछि पनि म हजुरको नाम गोप्य राख्नेछु' मैले आश्वस्त तुल्याएँ । साँझ खाना खाएर पानी, ओखर र केही सुगर फ्री बिस्कुट छेउमा राखी म राजा महेन्द्रका डायरी तन्मयपूर्वक पढ्न थालें । मेरा लागि त्यो गाडधन थियो ।

बिहान तीन-चार बजेतिर दुई घन्टा जति बैठक कोठाको गलैंचामै भुसुक्कै निदाएछु, पढ्दापढ्दै । जति पढ्यो, उति पढौं, पढौं लाग्ने सुन्दर हरफहरू । राजा महेन्द्र र राजा वीरेन्द्रको संरक्षणमा हुर्किएका दरबारनिकट कतिपय व्यक्ति नै धेरै ठाउँमा प्रश्नवाचक चिह्न बनेर उभिएको पाएँ । उनीहरूको द्वैध चरित्र देखेर घिन लाग्यो ।

के छैन डायरीमा ? युवराज वीरेन्द्रले नुवाकोटको त्रिशूली बजारबाट बुटवलसम्म गरेको पदयात्रालाई राजा महेन्द्रले प्रशंसा गरेका छन् । उनकै शब्दमा- राजधानी बुझेर मात्रै देश कहाँ बुझ्न सकिन्छ र ! नेपालीपन त झुप्रा, झुप्रामा खोज्नुपर्छ । यस्तै, एकजना नेपाली राजनीतिज्ञका बारेमा राजा महेन्द्रको टिप्पणी छ- "शल्य (महाभारतको पात्र) जस्तो छ ऊ । जता पठायो, अतिथि सत्कारमा मोहित भएर मूल कर्तव्य बिर्सिन्छ ।" (महाभारत युद्धमा युधिष्ठिरद्वारा मारिन्छन् शल्य, जो कौरवका सेनापति थिए ।)

डायरीमा दरबारका पुराना कर्मचारी सुरेन्द्रमान जोशी, हंसमान सिंह, लोकदर्शन बज्राचार्य, मधुसूदन राजभण्डारी, शारदाप्रसाद प्रधान लगायत धेरैका प्रसङ्ग छन् । एकजना पुराना सचिव रेणुलाल सिंहलाई धार्मिक प्रकृतिको सोझो मान्छे भनेका छन् राजा महेन्द्रले । कतिपयले राजालाई ढाँट्ने प्रयास गर्दा गाली खाएको प्रसङ्ग पनि छ ।

सन् १९५० को ६ नोभेम्बरमा वनभोज जाने बहानामा राजदरबारको पश्चिमी द्वारबाट राजा त्रिभुवन केही बाकसमा बहुमूल्य गहना, लुगाफाटो र औषधीहरू लिएर बाहिर निस्केको प्रसङ्ग छ डायरीमा ।

महाराजगञ्जस्थित (हाल शीतल निवास) भारतीय राजदूतको निवासमा शाही शरणार्थी भएर दिल्ली पुगेको र त्यहाँ पं. जवाहरलाल नेहरूले नेपाललाई स्वतन्त्र राष्ट्र जस्तो व्यवहार नगरेको' उल्लेख छ ।

पहिलो डायरीभन्दा पछिल्ला दुईवटा डायरीमा अक्षर सुन्दर छन् । प्रत्येक घटनाको विश्लेषण गर्दा नेपाललाई केन्द्रमा राखिएको देखिन्छ । कसैप्रति तुच्छ शब्द व्यक्त गरिएको छैन, बरु गुनासा, असन्तुष्टि र पीडा छन् । प्राचीन धर्म-संस्कृतिप्रति प्रगाढ आस्था प्रतिविम्बित भएको पाइन्छ । कतै श्रीगणेशाय नमःबाट पृष्ठ सुरु हुन्छ, कतै 'स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः' वाक्यांशबाट ।

कलिलो उमेरमा राजकाज सम्हाल्ने राजा गीर्वाणयुद्धविक्रम शाहद्वारा रचित सत्कर्म रत्नावली' (दुई भाग) पुनर्मुद्रण गर्न चाहेका थिए महेन्द्रले। गीर्वाणले आफ्नो सङ्ग्रहका पुस्तकलाई सार्वजनिक पुस्तकालयका रूपमा हनुमानढोका (वसन्तपुर) दरबारमा स्थापना गराएको प्रसङ्ग छ, डायरीमा। पृथ्वीनारायण शाहबाट साह्रै प्रभावित भएको पाइन्छ राजा महेन्द्र । राष्ट्रलाई आत्मनिर्भर बनाउन सके अरूले हेयदृष्टिले हेर्ने थिएनन् भन्ने लाग्छ, उनले एक ठाउँमा भनेका छन् । क्रमशः .....

# बेपत्ता स्वास्थ्यकर्मीलाई सफाईको मौका

**दमक**/ स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सम्पर्कविहीन स्वास्थ्यकर्मीहरूलाई सफाइ पेशको अन्तिम मौका दिएको छ । बिदा स्वीकृत नगराई लगातार ६० दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेका ती कर्मचारीहरूसँग स्पष्टीकरण मागिएको हो ।

मन्त्रालयले एक सूचना जारी गर्दै बिदा स्वीकृत नगराई लगातार ६० दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेका २३ जना स्वास्थ्य सेवाका कर्मचारीहरूलाई १५ दिनभित्र स्पष्टीकरण पेश गर्न भनेको छ ।

आदेश पालन नगरे भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय किन नगर्ने ? विभागीय सजाय नगर्नुपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफ्नो सफाइ पेश गर्नुहुन सम्बन्धित कर्मचारीहरुलाई सुचित गरिएको छ ।

## दिमाग खियाउनु होस्

**१. कहाँ खुसी सधैं पाउन सकिन्छ ?**
**२. तिमीले मेरो छाला निकाल्यौ भने पनि म तिमीलाई रुवाउँछु म को हुँ ?**
**३. एउटा कमिला एक दिनमा १५ मिटर अग्लो पर्खालको ५ मिटर चढ्दोरहेछ । रातमा चार मिटर तल झर्दोरहेछ । अब भन त्यो कमिलाले कति दिनमा पुरै पर्खाल चढ्छ ?**
**४. एक दिन दुईवटा हात्तीहरु उखुबारीमा छिरेछन् । एउटा हात्तीले उखु खाएछ तर अर्को हात्तीले भने उखु खाएन, किन ?**
**५. रमेशले यस्तो घर बनाएछ जुन घरको चारैतिरको झ्याल दक्षिणतिर फर्केको थियो, कसरी ?**

**उत्तरः**
१) शब्दकोषमा । २) प्याज । ३) ११ दिनमा । ४) किनभने अर्को हात्ती पहिल्यै अघाएको थियो । ५) उसले आफ्नो घर उत्तरी धुव्रमा बनाएको थियो ।

# चालक अनुमतिपत्रको राजस्व अनलाइनबाटै

**दमक/** सवारीचालक अनुमतिपत्र (लाइसेन्स) लिन तथा नवीकरण गर्न चाहने सेवाग्राहीले अबदेखि अनलाइनमार्फत नै राजस्व भुक्तानी गर्न सक्ने भएका छन् । यातायात व्यवस्था विभागले शुक्रबारदेखि लागू हुने गरी लाइसेन्ससम्बन्धी अनलाइन प्रणालीमा राजस्व भुक्तानीको सुविधा थपेको हो ।

विभागका सूचना तथा प्रविधि निर्देशक केशव खतिवडाले खबरहबसँग कुरा गर्दै हालसम्म सेवाग्राहीले अनलाइनबाट आवेदन फाराम मात्र भर्न सक्ने व्यवस्था रहेकामा अब राजस्वसमेत सोही प्रणालीबाट तिर्न मिल्ने जानकारी दिए । 'लाइसेन्स लिन चाहने नयाँ सेवाग्राही तथा नवीकरण गर्ने सेवाग्राहीका लागि शुक्रबारदेखि अनलाइन प्रणालीमार्फत नै राजस्व भुक्तानी गर्न सकिने व्यवस्था गरेका छौं,' उनले भने । उनका अनुसार नयाँ व्यवस्थासँगै सेवाग्राहीले राजस्व तिर्न बैंकमा पुगेर लाइन बस्नुपर्ने झन्झटबाट मुक्ति पाउनेछन् । यसले समय र खर्च दुवै बचत हुनुका साथै सेवा प्रवाहलाई थप छरितो र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

## साहित्य- कविता

# विपाद

◆ तारादेवी बोगटी



**एउटा सानो घर थियो,**
**प्रहरीले भत्काई दियो**
**बाल बच्चा रून्छन्**
**यहाँ भन्छीन् छोरी जाने कहाँ ?**
**मैं खाने बहने टुङ्गो छैन**
**पढ्नजाने दुङ्ग्नो छैन**
**हामीलाई बासकस्ले दिन्छ**
**हाम्रो जिम्मा कस्ले लिन्छ**

## अमेरिकामा खुल्यो नेपाली कला केन्द्र

# नृत्य, गायन, भाषा प्रशिक्षण दिइने

**दमक**/ नेपाली कलाकार अब विश्व कला बजारमा पुगेका छन् । अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (ईनास) मेरिल्यान्डले बाल्टिमोरमा नेपाली कला केन्द्र सञ्चालनमा ल्याएको छ । केन्द्रमा नेपाली भाषा, नृत्य र गायनको कक्षा सञ्चालन गरिने भएको छ । आयोजित समारोहमा केन्द्रको शुभारम्भ गरियो । संस्थाकी अध्यक्ष शान्ति भण्डारीले उद्घाटन समारोहलाई अध्यक्षता गरेकी थिइन् भने प्रस्तोताको रुपमा अमृता नेपाल थिइन् ।


राज्य सांसद डेलीकेट डा. ह्यारी भन्डारी र बाल्टिमोर डिस्ट्रिक ७ बाट नवनिर्वाचित डेलिकेट प्रतिस्पर्धी तथा गीतकार सतिश चापागाईं प्रमुख अतिथिको रुपमा सहभागी थिए । सल्लाहकार अमर छन्त्यालले केन्द्रको उद्घाटन गरेका थिए । केन्द्रमा कलाकार सारङ्गा श्रेष्ठले नृत्य विधामा प्रशिक्षण दिनेछिन् भने गायनमा कुशल पोखरेल प्रशिक्षक हुनेछन् । नेपाली भाषाको प्रशिक्षण भने इनास मेरिल्यान्डका प्रशिक्षकले नै गर्नेछन् । शनिबार र आइतबार कक्षाहरू सञ्चालन हुनेछन् । सो अवसरमा बोल्दै प्रशिक्षकद्वयले नेपाली मौलिक बाजा बजाउने शैली सम्बन्धी पनि प्रशिक्षण दिइने भएको छ ।

सो अवसरमा वक्ताले केन्द्र सञ्चालनबारे शुभकामना दिए । ईनास ग्लोबलका क्षेत्रीय संयोजक राहुल केसी, उपाध्यक्ष विकास घले, ईनास मेरिल्यान्डका संस्थापक लक्ष्मण पौडेल, ईनास पेन्सिलभेनियाका अध्यक्ष अभिषेक थापा, अभिनेत्री पूजा चन्द्र, ग्रेटर बाल्टिमोर होम केयरका सञ्चालक चन्द्र उप्रेती, ब्राइट जोय अडल्ट डे केयरका सह-सञ्चालक पाचा ल्याटोनले शुभकामना दिए ।

सो अवसरमा ईनास मेरिल्यान्ड कार्यसमितितर्फ अध्यक्ष शान्ती भण्डारी, उपाध्यक्ष सारंगा श्रेष्ठ, राजु ढुंगेल सुवास पोखरेल, महासचिव गोपाल भण्डारी, कोषाध्यक्ष स्वरूपा रसाईली सह-कोषाध्यक्ष सृजना कार्की, प्रवक्ता सुशील पंगेनी, सदस्यतर्फ निमा धमला, अमृता नेपाल, उज्वल आचार्य, प्रवीण लामा, पीआर देवकोटा, डेनी केसी, सज्जिव नेपाली उपस्थित थिए ।

ईनास अमेरिकाका अध्यक्ष सृजन ताम्राकार, उपाध्यक्ष गोपालचन्द्र लामिछाने, बाल्टिमोर होम केयरका सञ्चालक गणेश उप्रेती, ईनास मेरिल्यान्डका युवा सल्लाहकार प्रवीण भण्डारी, सल्लाहाकार मास्टर कल्पना कार्की, समाजसेवी तथा आईटी सल्लाहाकार कोसिस भण्डारी, खेम क्षेत्री, समाजसेवी सुदर्शन पौडेल, स्याङ्जा समाजका माहसचिव ज्ञान क्षेत्री, समाजसेवी शालिक वाग्ले, उपाध्यक्ष उज्वल गौतम पनि सहभागी थिए ।

## दैनिक राशिफल



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगानाः क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

आज मिति २०८३ साल साउन ०२ गते शनिबार 18 July 2026

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | कार्यमा सफलता । मनमा उमंग । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मनमा डर, त्रास । कार्यमा अवरोध । |
| मिथुन | का कि कु घ ङ छ के को हा | पारिवारिक बेमेल । रोगको भय । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | व्यवसायबाट लाभ । मनमा शान्ति । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | नयाँ कामको सुरुवात । मित्रबाट सहयोग । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | व्यर्थको यात्रा । आफन्तबाट धोका । |
| तुला | रा री रु रे रो ता ती तु ते | खर्च बढ्ने । पारिवारिक समस्या । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | प्रतिष्ठा बढ्ने । अध्ययनमा सफलता । |
| धनु | य यो भा भी भ धा फा ढ भे | शत्रु बढ्ने । आम्दानी घट्ने । |
| मकर | भो जा जी खि खु खे खो गा गी | मिष्ठान्न भोजन । धन लाभ । |
| कुम्भ | गॅ गे गो सा सी सँ से सो द | चोटपटकको भय । वादविवाद । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आम्दानी बढ्ने । परोपकारमा मन जाने । |

